**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १२ जनवरी २०२६**
**समयः १८:५० - १९:०० बजे**

**मुख्य समाचार**

- स्वामी विवेकानन्दको १६३ औं जन्मजयन्तीको अवसरमा मुख्यमन्त्री ममता ब्यानर्जीले जनतालाई "एकता, शान्ति र सद्भाव" को बाटोमा अगाडि बढ्न आह्वान गर्नु भयो।

- आज पश्चिम बंगालभरि स्वामी विवेकानन्दको १६३ औं जन्मजयन्ती श्रद्धा र उत्साहका साथ मनाइयो।

- गायक तथा अभिनेता प्रशान्त तामाङको पार्थिव शरीर आज पैतृक घर दार्जीलिङ ल्याई पुर्याएको छ, भोली एघार बजे उनको दाह संस्कार गरिने भएको छ।

- भारतीय निर्वाचन आयोगले उत्तरी पश्चिम बंगालका सात जिल्लाहरूमा एसआईआर अन्तर्गत प्रमाणीकरण उद्देश्यका लागि चिया बगान र सिन्कोना बगान रेकर्डहरूलाई वैध कागजातको रूपमा प्रयोग गर्ने प्रस्तावलाई अनुमोदन गरेको छ।

- न्यायाधीश सुजय पाललाई कलकता उच्च अदालतको मुख्य न्यायाधीशको रूपमा नियुक्त गरिएको छ।

**मुख्यमन्त्री-विवेकानन्द**

स्वामी विवेकानन्दको १६३ औं जन्मजयन्तीको अवसरमा मुख्यमन्त्री ममता ब्यानर्जीले जनतालाई "एकता, शान्ति र सद्भाव" को बाटोमा अगाडि बढ्न आह्वान गर्नु भयो। आफ्नो सामाजिक सञ्जाल सन्देशमा, मुख्यमन्त्रीले भन्नु भयो, स्वामी विवेकानन्द हाम्रो देशभक्ति र समाजसेवाको प्रेरणा हुनुहुन्छ। देशभक्ति, गरिब र उत्पीडितहरूको सेवा, र एकता, शान्ति र सद्भावको उनको सन्देशले मलाई सधैं प्रेरित गरेको छ। स्वामीजीले देखाएको सबै धर्महरू बीचको सद्भावको मार्ग हाम्रो शक्ति हो। उनको आदर्शबाट प्रेरित भएर, बंगालका सबै जनताले धर्म र जातभन्दा माथि उठेर एकअर्कालाई सम्मान र प्रेम गर्नुपर्छ। यो हाम्रो एक मात्र प्रार्थना हो। आफ्नो सन्देशमा, मुख्यमन्त्रीले स्वामी विवेकानन्दको शिक्षा र सम्झनाहरूलाई जीवित राख्न आफ्नो सरकारले धेरै पहल गरेको पनि बताउनु भयो। उहाँले भन्नु भयो, स्वामी विवेकानन्दको पुर्खाको घर, साथै कोलकताको बागबजार र दार्जिलिङमा सिस्टर निवेदितासँग सम्बन्धित दुई भवनहरू क्रमशः रामकृष्ण मिसन र रामकृष्ण सारदा मिसनलाई हस्तान्तरण गरिएको छ। उहाँले यी स्थलहरूको संरक्षण भइरहेको र बागबजारमा रहेको मातृगृहको पनि पुनर्निर्माण गरिएको बताउनु भयो। मुख्यमन्त्रीले श्री रामकृष्ण परमहंसको जन्मस्थल कमरपुकुरमा रामकृष्ण मिसन र वरपरका क्षेत्रहरूको विकासको लागि आवश्यक पूर्वाधार निर्माण गरिएको र थप विकास कार्य भइरहेको दाबी पनि गर्नु भयो।

**स्वामी विवेकानन्द**

आज पश्चिम बंगालभरि स्वामी विवेकानन्दको १६३ औं जन्मजयन्ती श्रद्धा र उत्साहका साथ मनाइयो। यस अवसरमा विभिन्न धार्मिक र सांस्कृतिक कार्यक्रमहरू आयोजना गरियो, यद्यपि उत्तर कोलकतामा स्वामी विवेकानन्दको पैतृक घर नजिकै तृणमूल कांग्रेस नेता अभिषेक बनर्जीको पोस्टरलाई लिएर राजनीतिक बयानबाजी तीव्र भएको थियो। रामकृष्ण मठ र मिसनको मुख्यालय बेलूर मठमा बिहान सबेरै कार्यक्रमहरू "मंगल आरती" र विशेष प्रार्थनासहित सुरु गरिएको थियो। राज्यभरबाट ठूलो संख्यामा भक्तहरू स्वामीजीलाई श्रद्धाञ्जली दिन बेलूर मठमा आइपुगेका थिए। दिनभरि विभिन्न कार्यक्रमहरू आयोजना गरियो। स्वामी विवेकानन्दको जन्मजयन्तीलाई राष्ट्रिय युवा दिवसको रूपमा पनि मनाइन्छ। स्वामी विवेकानन्दद्वारा स्थापित रामकृष्ण मठ र मिसनका विभिन्न शाखाहरूले राज्यभर र्यालीहरू आयोजना गरिएको थियो, जसमा ठूलो संख्यामा विद्यार्थीहरूले भाग लिएका थिए। यसैबीच केन्द्रीय मन्त्री सुकान्त मजुमदार, तृणमूल नेता तथा राज्यमन्त्री शशि पञ्जा र विधानसभामा विपक्षी दलका नेता

शुभेन्दु अधिकारीले उत्तर कोलकताको सिमला स्ट्रिटमा रहेको स्वामी विवेकानन्दको पैतृक घरमा पुष्प अर्पण गर्दै श्रद्धाञ्जली अर्पण गरे।

**सिलगढ़ी नगरनिगम**

सिलगढ़ी नगरनिगमको 75औं स्थापना दिवस औ स्वामी विवेकानन्दको 164औं जयन्तीको अवसरमा आज सिलगढ़ी शहरमा एक भव्य शोभायात्राको आयोजन गरियो। यस अवसरमा बिहानदेखि शहरभरि उत्सवको माहोल देख्न पाइयो। शोभायात्राको शुरुआत बाघाजतीन पार्कबाट भयो जुन हिलकार्ट रोड हुँदै विवेकानन्द मोड़ अर्थात झंकार मोड़सम्म पुग्यो। यस शोभायात्रामा सिलगढ़ी नगरनिगमका मेयर गौतम देव, सिलगढ़ी पुलिस कमिश्नर सी. सुधाकर, रामकृष्ण मिशनका सन्तहरू सहित केही वरिष्ठ अधिकारीगण सामेल भए। यस अतिरिक्त विभिन्न सामाजिक एवं सांस्कृतिक संगठनहरूका सदस्यगण तथा ठूलो संख्यामा आम मानिसहरू पनि शोभायात्रामा सामेल भए। प्रतिभागीहरूले स्वामी विवेकानन्दको तस्वीर, ब्यानर तथा हातमा प्लेकार्डहरू बोकेका थिए। शोभायात्राको समापन विवेकानन्द मोड़मा स्थापित स्वामी विवेकानन्दको सालिगमा माल्यार्पण एवं श्रद्धाञ्जली अर्पण गरी गरियो। यस अवसरमा आफ्नो सम्बोधन राख्नु हुँदै मेयर गौतम देवले भन्नु भयो, स्वामी विविकानन्दको आदर्श तथा दर्शनले आज पनि युवा समाजलाई प्रेरणा दिन्छ अनि सही दिशा देखाउँछ। उहाँले , सिलगढ़ी नगरनिगमको 75औं वर्षगाँठको गौरवशाली यात्रा शहरको समग्र विकास तथा प्रगतिको साक्षी रहेको बताउनु भयो।

**बंगाल भाजपा- स्वामी**

सोमबार स्वामी विवेकानन्दको जन्मजयन्तीको अवसरमा साल्ट लेकस्थित भाजपा कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा भारतीय जनता पार्टी (भाजपा) प्रदेश अध्यक्ष तथा राज्यसभा सांसद शमिक भट्टाचार्यले उत्तर बंगालको विकासए राष्ट्रिय एकता र रेल पूर्वाधारमा राज्य सरकारको प्रगतिमाथि प्रश्न उठाउनु भएको छ। उहाँले केन्द्र सरकारको पहलमाथि पनि प्रकाश पार्नु भयो। पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुँदै प्रदेश भाजपा अध्यक्ष शमिक भट्टाचार्यले स्वामी विवेकानन्दको जन्मजयन्तीमा राष्ट्रलाई शुभकामना दिनु भयो। उहाँले बंगालको स्वतन्त्रता संग्रामका अमर शहीद मास्टरदा सूर्य सेनको पुण्यतिथिको पनि श्रद्धापूर्वक सम्झना गर्नु भयो। उहाँले भन्नु भयोए अंग्रेजहरूले सूर्य सेनलाई मृत्युदण्ड दिए तर उनको संघर्ष कुनै भौगोलिक सीमामा सीमित थिएनए सम्पूर्ण भारतको स्वतन्त्रताको लागि थियो।उहाँले भन्नु भयोए बंगालले अझै पनि विभाजनको पीडा भोगिरहेको छ। राजनीतिक सीमाले एउटै भाषा र संस्कृति बाँड्ने मानिसहरूलाई अलग्याएको छ। उहाँले अतिवाद र हिंसाका घटनाहरूले दुवै बंगालमा अशान्ति निम्त्याइरहेको र स्वामी विवेकानन्दले परिकल्पना गरेको राष्ट्रिय एकतालाई बाधा पुऱ्याइरहेको बताउनु भयो। श्री भट्टाचार्यले उत्तर बंगालको विकास सम्बन्धी राज्य सरकारले ठूलो बजेट विनियोजन गरे तापनि उपयोग नभएको बताउनु भयो। उहाँले उत्तरकन्याबाट मुख्यमन्त्रीको प्रशासनिक घोषणाहरू गरे पनि क्षेत्रको पूर्वाधार र कनेक्टिभिटीमा कुनै देखिने सुधार नभएको बताउनु भयो।

**प्रशान्त तामाङ**

गायक तथा अभिनेता प्रशान्त तामाङको पार्थिव शरीर आज पैतृक घर दार्जीलिङ ल्याई पुर्याएको छ। यसक्रममा उनलाई गोर्खाल्याण्ट क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा,सांसद राजु विष्ट,विधायक निरज जिम्बा,विभिन्न राजनीतिक दलका शीर्ष नेतृत्व गायक, संगीतकार,कलाकार एवं जनसाधारणले श्रद्धाञ्जली अर्पण गरे। स्वर्गीय तामाङको पार्थिव शरीर आज विहान बागडोग्रा विमान स्थलमा ल्याइएको थियो भने त्यहाँबाट राष्ट्रिय राजमार्ग 110 हुँदै दार्जीलिङ ल्याइएको थियो। यसक्रममा सालबारी,सुकुना, तिनधारे, खरसाङ, सोनादा,घुम जोरबङलामा उनका प्रशंसकहरूले श्रद्धाञ्जली अर्पण गरेका थिए। त्यसपछि पार्थिव शरीरलाई चौरस्तामा अन्तिम दर्शनका लागि राखिएको थियो जहाँ सुचना एवं सांस्कृतिक विभागका कलाकारहरू साथै स्थानीय कलाकारहरूले उनकै गीतहरू गाएर श्रद्धाञ्जली अर्पण गरेका थिए। यसक्रममा हजारौ प्रशंसकहरूले उनलाई खदा माला चढाएर श्रद्धाञ्जली अर्पण गरे। यस अघि खरसाङ सुचना एवं सांस्कृतिक विभागका कलाकारहरूले पनि खरसाङ रेलवे स्टेशन परिसरमा गीत गाउदै अश्रुपूर्ण श्रद्धाञ्जली अर्पण गरेका थिए। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले प्रशान्त तामाङ गोर्खा अस्मिता, गोर्खा सपनाको दोस्रो बिगुल फुक्न सुरुवात गर्ने एउटा आवाज रहेको बताउनु भयो। उहाँले भारतीय गोर्खालाई एक गराउने आवाज पनि सधैँको निम्ति बन्द भएको बताउनु भयो।

BYTE

यसैबीच सांसद राजु विष्टले एक प्रतिष्ठित गोर्खा युवा, प्रशान्त तामाङले आफ्नो आवाज, नम्रता र सरलताले संसारलाई मंत्रमुग्ध पारेको बताउनु भयो।

दार्जिलिङ पहाडबाट उठेर, उनले सम्पूर्ण समुदायको आशा र आकांक्षालाई विश्वव्यापी मञ्चमा पुऱ्याएको जसले गर्दा प्रत्येक गोर्खालाई गर्वान्वित बनाएको बताउनु भयो।

BYTE

अर्कोतिर इण्डियन आईडल सिजन तीनका प्रतिस्पर्धीहरू अमित पल, मयंक च्याङ लगायत अन्य पनि उनलाई श्रद्धाञ्जली अर्पण गर्न दार्जीलिङ आएका छन्। इण्डियन आइडल सिजन तीनका विजेता प्रशान्त तामाङले आफ्नो जीवनकालमा हिन्दी अनि नेपाली गीतहरू गाएका थिए भने उनले नेपाली चलचित्रमा अभिनेताको रूपमा पनि कार्य गरिसकेका थिए भने उनले हालै वलिवुडको एउटा चलचित्रको छायंकन सिद्धाएका थिए। उनको अन्तिम संस्कार भोली दार्जीलिङमा एघार बजे गरिने जानकारी प्राप्त भएको छ।

**संसद- बजट सत्र**

केंद्रीय बजट 2026-27 आगामी महिनाको पहिलो तारीख, आइतबार लोकसभामा पेश गरिनेछ। संसदको बजट सत्र यसै महिनाको 28 तारिखबाट सुरु भएर 2 अप्रिल सम्म जारी रहनेछ। लोकसभा अध्यक्ष ओम बिरलाले आज नयाँ दिल्लीमा संवाददाता सम्मेलनमा एक प्रशनको जवाफमा भन्नुभयो सदनमा बजट पेश गरिने प्रक्रिया एक फरवरीमा विहान 11 बजे शुरू हुनेछ। यसअघि संसदीय मामिला मन्त्री किरेन रिजिजुले भन्नुभयो बजेट सत्रको पहिलो चरण, 28 जनवरी देखि सुरु भएर 13 फरवरीमा समाप्त हुनेछ। संसद सत्रको दोस्रो चरण 9 मार्चमा हुनेछ र 2 अप्रैल सम्म जारी रहनेछ।

श्री रिजिजुले सार्थक बहस र जन केन्द्रित शासनको दिशामा एउटा महत्त्वपूर्ण हो भन्नुभयो।उहाँले भन्नुभयो केन्द्र सरकारको सिफारिसमा राष्ट्रपति द्रौपदी मुर्मुले 2026 को बजेट सत्रको लागि संसदका दुवै सदनको बैठक बोलाउन स्वीकृति दिनुभएको छ।

**निर्वाचन आयोग**

भारतीय निर्वाचन आयोग (ECI) ले उत्तरी पश्चिम बंगालका सात जिल्लाहरूमा मतदाता सूचीहरूको विशेष गहन संशोधन (SIR) अन्तर्गत प्रमाणीकरण उद्देश्यका लागि चिया बगान र सिन्कोना बगान रेकर्डहरूलाई वैध कागजातको रूपमा प्रयोग गर्ने प्रस्तावलाई अनुमोदन गरेको छ। आधिकारिक स्रोतहरूका अनुसार, यो जानकारी राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाललाई पठाइएको थियो। निर्वाचन आयोगले दार्जीलिङ, कालेबुङ, जलपाईगढी, कुचबिहार, अलिपुरद्वार, उत्तर दिनाजपुर र दक्षिण दिनाजपुर जिल्लाहरूको लागि यो प्रस्तावमा कुनै आपत्ति नभएको बताएको छ।

बाईट

*यसैबीच, दार्जीलिङका भारतीय जनता पार्टीका सांसद राजु बिष्टले सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुँदै सिन्कोना बगान र चिया बगानबाट प्राप्त रोजगार रेकर्डहरू अब भविष्यमा विभिन्न आधिकारिक उद्देश्यका लागि महत्त्वपूर्ण कागजातको रूपमा मान्य हुने बताउनु भएको छ। सांसद राजु विष्ट यो पनि दाबी गर्नु भएको छ, आफैंले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई पत्र लेखेर SIR प्रमाणीकरणको लागि यी रेकर्डहरूलाई वैध कागजातको रूपमा स्वीकार गर्न अनुरोध गरेका थिए। उल्लेखनीय छ, पश्चिम बंगालमा चलिरहेको SIR प्रक्रियाले राज्यभरि लाखौं मानिसहरूलाई सूचनाहरू पठाइरहेको छ, र सानो त्रुटिको लागि पनि नाम हटाइँदा व्यापक आक्रोश उत्पन्न भएको छ। त्यसैले, निर्वाचन आयोगले प्रमाणीकरण प्रक्रियामा नयाँ कागजातहरू समावेश गर्न निरन्तर कदम चालिरहेको छ।*

**सीएम- एसआईआर**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले मुख्य निर्वाचन आयुक्त (सीईसी) ज्ञानेश कुमारलाई फेरि पत्र लेख्नु हुँदै २००२ को मतदाता सूचीको एआई-आधारित डिजिटलाइजेसनमा त्रुटिहरूका कारण विशेष गहन संशोधन (एसआईआर)

प्रक्रियाको क्रममा वास्तविक मतदाताहरूले व्यापक कठिनाइहरूको सामना गरिरहेको आरोप लगाउनु भएको छ। एसआईआर सुरु भएदेखि मुख्य निर्वाचन आयुक्तलाई लेखेको आफ्नो पाँचौं पत्रमा, मुख्यमन्त्रीले एआई उपकरणहरू प्रयोग गरेर २००२ को मतदाता सूचीको डिजिटलाइजेसन गर्दा मतदाता विवरणहरूमा गम्भीर त्रुटिहरू भएको बताउनु भयो। मुख्यमन्त्रीले निर्वाचन आयोगले विगत दुई दशकदेखि अपनाइएको आफ्नै वैधानिक प्रक्रियाहरूलाई बेवास्ता गरेको आरोप लगाउनु भएको छ। उहाँले अर्ध-न्यायिक सुनुवाइ पछि पहिले परिमार्जन गरिएका मतदाताहरूलाई अब फेरि आफ्नो पहिचान प्रमाणित गर्न बाध्य पारिएको बताउनु भयो। उहाँले २० वर्षभन्दा बढी समयदेखि चलिरहेको आफ्नै कार्यहरू र संयन्त्रहरूलाई अस्वीकार गर्नु मनमानी, अतार्किक र भारतीय संविधानको भावना र प्रावधानहरूको विपरीत रहेको बताउनु भयो। उहाँले एसआईआरको समयमा पेश गरिएका कागजातहरूको लागि कुनै उचित रसिद वा स्वीकृति जारी नगरिएको, जसले गर्दा सम्पूर्ण प्रक्रिया "मौलिक रूपमा त्रुटिपूर्ण" बनेको बताउनु भएको छ।

**कलकता उच्च न्यायलय**

न्यायाधीश सुजय पाललाई कलकता उच्च अदालतको मुख्य न्यायाधीशको रूपमा नियुक्त गरिएको छ। उहाँले पहिले लामो समयसम्म कार्यवाहक प्रधान न्यायाधीशको रूपमा सेवा गर्नु भएको थियो। 9 जनवरीमा सर्वोच्च अदालतको कलेजियम बैठकले उहाँको सिफारिसलाई अनुमोदन गरेको थियो। उल्लेखनीय छ, कलकत्ता उच्च अदालतका तत्कालीन मुख्य न्यायाधीश टी. शिवग्ननमले सेप्टेम्बर २०२५ मा अवकाश लिनु भएको थियो। यसपछि, न्यायाधीश सौमेन सेनलाई कार्यवाहक प्रधान न्यायाधीश नियुक्त गरिएको थियो। न्यायाधीश सेनलाई पछि मेघालय उच्च अदालतको मुख्य न्यायाधीशको पदको लागि सिफारिस गरिएको थियो। त्यसपछि, न्यायाधीश सुजय पाललाई कलकत्ता उच्च अदालतको कार्यवाहक प्रधान न्यायाधीश नियुक्त गरिएको थियो। उहाँ अहिले पूर्णकालीन प्रधान न्यायाधीशको रूपमा नियुक्त हुनु भएको छ।

**गोरामुमो मिरिक**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा मिरिक ब्रान्च कमिटीको आयोजनामा मिरिक ब्रान्च कार्यालयमा थर्बु डुप्टिन, मिरिक, सौरेनी तथा तराई समष्टिका पदाधिकारीहरूसँग संयुक्त बैठक सम्पन्न भएको छ। ब्रान्च कमिटीका अध्यक्ष महेन्द्र खड्काको सभापतित्वमा सम्पन्न सभामा सांगठनिक तथा भावी कार्यक्रमसम्बन्धी महत्वपूर्ण विषयहरूमा विस्तृत छलफल गरियो।सभामा आगामी 15 जनवरीको दिन सौरेनी समष्टि अन्तर्गत बुङकुलुङ नाम्सुको मुक्ति पुल परिसरमा माघे संक्रान्ति संयुक्त रूपमा पालन गर्ने निर्णय गरियो। यसैगरी 29 जनवरीमा गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक अध्यक्ष स्व. सुवास घिसिङको पुण्यतिथि कसरी सम्पन्न गर्ने भन्ने विषयमा पनि सभामा गहन छलफल भयो। ब्रान्च अन्तर्गतका चारैवटा समष्टिले पुण्यतिथि कसरी सम्पन्न गर्ने भन्ने विषयमा विचार–विमर्श भए तापनि अन्तिम निर्णय केन्द्रीय निर्देशनअनुसार लिने भन्दै, त्यसका लागि छिट्टै पुनः अर्को बैठक बस्ने निर्णय लिइएको छ।

**भागोप्रमो**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रीय महासचिव अमर लामा आज सियोक गोपालधारा ओकेटी समष्टि अन्तर्गतका पार्टी प्रतिनिधि अनि जनप्रतिनिधिहरूसित मिरिक युवा आवासमा सभा गरि राजनैतिक गतिविधि अनि आगमी राज्य विधान सभा चुनाउबारे व्यापक चर्चा परिचर्चा गर्नु भएको छ।

****** ० ******